# २३ सय विद्यालयमा ‘आइसिटी ल्याब’ स्थापना गर्ने

**इजलास** /झापा

सरकारले २ हजार ३ सय विद्यालयहरुमा एकैसाथ ‘आइसिटी ल्याब’ स्थापना गर्ने भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सार्वजनिक विद्यालयहरुको शैक्षिक सुधारका लागि २३ सय वटा विद्यालयहरुमा आइसिटी ल्याब तत्काल बनाउने निर्णय गरिएको जानकारी दिएका छन् । शिक्षा पत्रकार समूहले बिहीबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले ३ वर्षभित्र देशभरका सबै विद्यालयहरुमा सो ल्याब स्थापना गर्ने सरकारको योजना रहेको पनि स्पष्ट पारेका छन् ।



उनले सार्वजनिक विद्यालयहरुको भौतिक पूर्वाधारमा कुनै समस्या नहोस् भन्नेमा सरकार सचेत रहेको पनि बताएका छन् । उनले सार्वजनिक विद्यालयहरुको शैक्षिक सुधारका लागि सम्बन्धित सबै निकायलाई सचेत भएर काम गर्न पनि निर्देशन दिएका छन् । ‘२३ सय वटा विद्यालयहरुमा आईसिटी ल्याब तत्काल बनाउने निर्णय गरेका छौं । यसको प्रक्रिया छिट्टै अघि बढछ । क्रमशः ३ वर्षभित्र देशभरका सबै सार्वजनिक विद्यालयहरुमा त्यसलाई निर्माण गरिनेछ । सार्वजनिक शिक्षालाई सुधार गर्नका लागि भौतिक पूर्वाधारको अभाव भएका ठाउँमा व्यवस्था गर्ने कामलाई पनि सरकारले सुरु गरेको छ । तर त्यसका लागि सरोकारवाला निकायहरुले सक्दो सहयोग गर्नुपर्ने हुन्छ’ उनले भने ।

उनले सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्कन नदिने गरी १८ हजार शिक्षकहरुको नयाँ दरबन्दीको व्यवस्था गर्नु परेको बताएका छन् ।

# धमाधम पोसाक बाँड्दै बिर्तामोड

बिर्तामोड । सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुका लागि पोसाक वितरण गर्ने कार्यलाई बिर्तामोड नगरपालिकाले तीव्रता दिएको छ ।

नगरप्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाई, वडा नम्बर ९ को वडाध्यक्ष पवित्रा पाठक, शिक्षा शाखा प्रमुख तिलचन भण्डारी, शिक्षा अधिकृत जानुका रेग्मी, केशर बहादुर खवास, सिएस गार्मेन्ट उद्योगका सञ्चालक मोती गौतम सहितको टोलीले विहीबार वडा नम्बर ९ का ३ वटा विद्यालयमा पुगेर पोशाक वितरण गरेको हो । दुर्गा माध्यमिक विद्यालयमा २१५ जना, देवकोटा आधारभुत विद्यालयमा ९४ जना र शहीद लक्ष्मी प्राथमिक विद्यालयमा १३७ जना विद्यार्थीलाई पोशाक वितरण गरिएको जनाइएको छ । सबै विद्यालयमा संक्षिप्त कार्यक्रमको आयोजना गर्दै नगरप्रमुख शिवाकोटी र उपप्रमुख महातारा प्रसाईले प्रतिनिधिमुलक ढंगबाट एक छात्र, एक छात्रा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई पोशाक हस्तान्तरण गरेका छन् । नगरपालिकाले सामुदायिक विद्यालयका नर्सरी देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि बुधबारदेखि पोशाक वितरण कार्यलाई अघि बढाएको हो । नगरपालिकाले बुधबार बिर्तामोड ६,७ र ८ नम्बर वडाका ४ वटा विद्यालयमा पुगेर ५६२ जना विद्यार्थीलाई पोशाक वितरण गरेको थियो ।

# थप ५७० जनामा कोरोना संक्रमण, ६ जनाको मृत्यु

बिर्तामोड । पछिल्लो २४ घण्टामा थप ५७० जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने थप ६ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर ९ हजार ७८९ नमुना परीक्षण गरिएको थियो । ७ हजार २८ जनानाको पीसीआर परीक्षण गर्दा ३६४ र दुई हजार ७६१ जनाको एन्टीजेन परीक्षण गर्दा २०६ गरी ५७० जनामा संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा एक हजार ९९३ जना संक्रमणमुक्त भएका छन् । हाल देशभर १६ हजार ६१६ संक्रिय संक्रमित छन् । जसमध्ये १७ हजार ५८० संक्रिय संक्रमित होम आइसोलेसनमा छन् भने ६७१ जना संस्थागत आइसोलेसनमा छन् । उनीहरुमध्ये १५६ जनाको आईसीयू र २६ जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

# डुबेर एक जनाको मृत्यु

**इजलास** /बिर्तामोड

माछा पोखरीमा डुबेर शिवसताक्षी नगरपालिका-४ का ४९ वर्षीय सञ्चरिया ताजपुरियाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी बसन्त पाठकका अनुसार बुधवार साँझ घर नजिकै रहेको माछा पोखरीमा डुबेको अवस्थामा स्थानीयले देखेपछि उनलाई तत्काल उद्धार गरी उपचारका लागि मोरङको विराटनगर स्थित नोबेल अस्पताल पठाएका थिए । उनको उपचारको क्रममा मृत्यु भएको हो । घटनाबारे इलाका प्रहरी कार्यालय अनारमनीले अनुसन्धान गरिरहेको डिएसपी पाठकले बताए ।

## झापाको...

पक्राउ परेका दाहालले हिन्दु राज्य नेपाल र राजतन्त्र पुनर्स्थापनाको माग राखेर बिर्तामोड र दमकमा प्रेसर कुकर बम राख्ने योजना बनाई संलग्न गिरोहलाई रकम उपलब्ध गराएको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनी ग्रेटर नेपालको माग राखेर २०७६ बैशाख २८ गते माइधारस्थित कनकाई पुलमा शंकास्पद बस्तु प्रेसर कुकर राखेको अभियोगमा पक्राउ परी कारागार बसेर छुटेका व्यक्ति हुन् ।

त्यस्तै प्रदीप थापा र गिरी परिषद्को नामबाट विस्फोटक पदार्थ जस्तो देखिने शङ्कास्पद प्रेसर कुकर राख्ने योजना बनाउने र चन्दा माग्ने गर्दै आएका थिए । उनी विहारमा बसेर सीमा नाकाबाट गतिविधिमा संलग्न व्यक्तिहरूलाई मिलाउने भूमिकामा निर्वाह गर्दै आएका थिए ।

हलुवाई परिषद्को नाममा अन्य सक्रिय सदस्यहरूले संकलन गरेको पैसा आइएमइबाट संकलन विहार बस्दै आएका योजनाकारहरू सम्म पुऱ्याउने काम गर्दै आएका थिए ।

समाजको ध्यान तान्न उनीहरुले धार्मिक अस्त्र प्रयोग गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । भारतमा सुरक्षित बस्ने र नेपालमा आतंक सिर्जना गरेर आर्थिक संकलन गर्ने मुख्य उद्देश्य देखिएको परिवारको भनाई छ ।

# स्वास्थ्य चौकीदेखि आधारभुत अस्पतालसम्म ९८ औषधि निःशुल्क

**इजलास** /झापा

देशभरका सरकारी स्वास्थ्य संस्थाबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्न र उपचार तथा सेवामा एकरुपता ल्याउन आधारभुत स्वास्थ्य सेवाको उपचार प्रोटोकल ल्याएको छ ।

आधारभुत स्वास्थ्य सेवामा आधारित स्तरीय उपचार पद्दति (स्ट्यान्डर्ड ट्रिटमेन्ट प्रोटोकल) अनुसार अब आधारभुत अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीबाट विभिन्न ९८ प्रकारका औषधिहरु निशुल्क पाइने छ । आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा ९८ थरीका औषधिमध्ये केही औषधि भने पाइने छैन । तर आधारभुत अस्पताल/ प्राथमिक स्वास्थ्य केन्द्रमा भने सरकारले तोकेका सबै ९८ थरीका औषधि निःशुल्क पाइने छ ।



संघीय संरचना अनुसार तीन तहको सरकार बनेसँगै स्वास्थ्य चौकीहरु आधारभुत स्वास्थ्य केन्द्र भएका छन् भने प्राथमिक स्वास्थ्य केन्द्र आधारभुत अस्पताल बनेका छन् । संविधानमा उल्लेख भए अनुसार प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सरकारले नयाँ प्रोटोकल बनाएको हो । उक्त प्रोटोकलमा जनस्वास्थ्य सेवा नियमावली २०७७ अनुसार आधारभुत स्वास्थ्य सेवा अन्तर्गत प्रदान गरिने ९ वटा सेवा क्षेत्रहरुको सूची तयार गरिएको छ भने निशुल्क उपलब्ध हुने औषधिको सूची समेत छ । यसका साथै प्रोटोकलमा आधारभुत अस्पताल र केन्द्रमा हुनुपने सर्जिकल सामग्रीको सूची पनि छ ।

उक्त सूची अनुसार स्वास्थ्य चौकी अर्थात आधारभुत स्वास्थ्य केन्द्रमा ९८ मध्ये ९१ प्रकारका औषधि पाइन्छ भने प्राथमिक स्वास्थ्य केन्द्र अर्थात आधारभुत अस्पतालमा ९८ प्रकारका नै औषधि पाइन्छ । सरकारले यो प्रोटोकल जारीहुनुभन्दा अघि पनि स्वास्थ्य संस्थाहरुमा ७० प्रकारका औषधि निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ । यसअघिको नियम अनुसार स्वास्थ्य चौकीबाट ३५, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र जिल्ला अस्पतालबाट ७० प्रकारका औषधि निःशुल्क पाइँदै आएको थियो । अब नयाँ प्रोटोकल अनुसार ९८ प्रकारका औषधिहरु स्वास्थ्य संस्थामा चौबिसै घण्टा उपलब्ध हुनुपने छ । नभएमा जनस्वास्थ्य सेवा ऐन र नियमावलीअनुसार स्वास्थ्य संस्थालाई कारबाही हुने व्यवस्था छ ।

सरकारले औषधिको सूचीमा समय अनुसार रोग तथा समस्यालाई मध्यनजर गर्दै थप र परिमार्जन गरेको छ । यसअघि उपलब्ध हुँदै आएका ७० प्रकारका औषधिमध्ये आवश्यक नपरेका केही औषधि हटाइएको छ भने नसर्ने रोग, मानसिक रोग तथा अन्य स्वास्थ्य समस्याको उपचारमा प्रयोग हुने औषधि थप गरेको छ ।

## झापा...

पचारिक गीत सार्वजनिक गरेको हो । अफिसियल गीतमा डम्बर नेपाली, भिषण मुकारुङ, सुनिता थेगिम र दिपा लामाको स्वर रहेको छ ।

प्रतियोगिताका लागि आवश्यक तयारी भइरहेको गोल्ड कपका अध्यक्ष बिनोद बस्नेतले जानकारी दिए । बस्नेतले गोल्ड कप सम्पूर्ण झापालीकै प्रतिष्ठासँग जोडिएको बिषय भएकाले सहयोगका लागि आह्वान गरेका छन् ।


## सूचना सूचना सूचना

**के तपाई कुजीएर बस्नु भएको छ ? उपचार गर्दा ठिक भएन ? अब चिन्ता नलिनुहोस्, नेशनल बाथ रोग सेन्टर कमठमाडौँबाट वरिष्ठ बाथ रोग विशेषज्ञ यहि फागुन ६ र ७ गते झापाको बिर्तामोड आउदैं हुनुहुन्छ । साथै वरिष्ठ सुगर थाईराइड तथा हर्मोन रोग वरिष्ठ डा. वजरंग कुमार रौनियार ओम अस्पताल काठमाडौँबाट यहि फागुन ६ र ७ गते शुक्रवार र शनिवार आउदैं हुनुहुन्छ ।**


सम्पर्क : अश्विन पोलिक्लिनिक तथा नेशनल बाथ रोग सेन्टर

भद्रपुर रोड, बिर्तामोड सम्पर्क नं. ०२३-५३०५४५

## बिर्ता (सेफ्टि तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## जनहितमा जारी सन्देश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं ।

- मास्कको सही प्रयोग गरौं ।
- भौतिक दूरी कायम गरौं ।
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- भिडभाड नगरौं ।
- स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौं ।
- कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔं ।

कोभिड–१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्ते नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल


## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

# दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति २०७८/११/०६

बिर्तामोड नगरपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम तथा सहारा नेपालको साझेदारीमा तपशिल विवरण अनुसारका चापकटर मेसिन खरीद गरी कृषकहरुलाई वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक फर्म/कम्पनीले दररेट तपशिल उल्लेखित दस्तुर तिरी दरभाउपत्र खरिद गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं | विवरण | स्पेसिफिकेशन | आवश्यक परिमाण (Nos.) | फारम शुल्क | बोलपत्र जमानत रकम | लागत इस्टमेट (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| BTMMUN/ GOODS/ SQ-30/078-79 | चापपकटर (कुटि काट्ने मेसिन) | Iron Body, 2 Roller, 36 wheel | ६० | १०००/- | १८७५०/- | ७,५०,०००/- |

शर्तहरु :

१) ईच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नविकरण, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाण पेश गरी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) दरभाउपत्र १५ औं दिन मिति २०७८/११/२० गतेको कार्यालय समयभित्र बिर्तामोड नगरपालिकाको कार्यालय पशुपक्षी तथा मत्स्य विकास शाखाबाट खरिद गरिसक्नुपर्नेछ र १६ औं दिन मिति २०७८/११/२२ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ र सोहि दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएमा केरमेट भएको ठाउंमा दरभाउपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ ।

४) दरभाउपत्र फारम खरिद बापतको रकम यस कार्यलयको एन आइ सि एसिया बैंक शाखा विर्ताबजारको हि.नं.-२४६२०५००२८३५४००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसिद सक्कलै पेश गर्नुपर्ने छ । साथै दरभाउपत्र जमानत रकम रु १८,७५०/- (अक्षरुपी रु अठार हजार सात सय पचास मात्र) कार्यालयको एनआइ सि एसिया बैंक शाखा विर्ताबजारको हि.नं.-२४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड दरभाउपत्रसाथ दाखिला गर्नु पर्नेछ ।

५) थप जानकारीका लागि बिर्तामोड नगरपालिकाको वेवसाईट www.birtamodmun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा । फोन : ०२३–५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
अध्यक्ष : नारायणप्रसाद पोखरेल । लेआउट : छेत्रलाल राजवंशी ।। कार्यालय प्रतिनिधि : ९८५२६३५०२८ । सम्पादक : प्रदीप परियार